# ; oQm /fi6 ; 3

; fwf/0f ;efn kfl/t u/sf k:tfj

lj t/0f M ;fdfGo, @* dfr @)!#
^& cf ;q sfo ; rL ;VofM !)#
-t>f ;ldltsf kltjbg adflhd, P÷^&÷$%*_

# kmfhbf/L Gofok0ffnLdf sfggL ;xfotfsf
# kxr ;DaGwL ;oQm /fi6 ;3Lo
# l ; 4fGt / lgblzsfx¿

**प्रकाशकः** कानुनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
(Strenghthening the Rule of Law and Human Rights Protection System in Nepal/UNDP)

**वितरणः** निःशुल्क

**प्रकाशन प्रतिः** २००० प्रति

**संस्करणः** प्रथम (भाद्र २०७०)

**DISCLAIMER**
The text contained in this publication is a translated content from English for the convenience of the Nepali community. Reasonable efforts have been made to provide an accurate translation of the text of the document, however, the official text is the English version of the document. Any discrepancies or differences created in the translation are not binding and have no legal effect for compliance or enforcement purposes. If any questions arise related to the accuracy of the information contained in the Nepali document, please refer to the English version of the document which is the official version of the document.

# kmfhbf/L Gofok0ffnLdf sfggL ;xfotfsf
# kx'r ;DaGwL ;oQm /fi6« ;3Lo
# l;4fGt / lgb{zsfx¿

# संयुक्त राष्ट्रसंघ, साधारण सभा

| | |
|---|---|
| ६७ औं सत्र | वितरण : सामान्य |
| कार्यसूची संख्या : १०३ | २०६९ चैत्र १६ |

## साधारण सभाले पारित गरेको प्रस्ताव

(तेश्रो समितिको प्रतिवेदन बमोजिम, ए/६७/४५८)

### ६७/१८७ : फौजदारी न्यायप्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्त र निर्देशिकाहरू

**साधारण सभाले :**

- कानुनको अगाडि समानता, निर्दोषिताको अनुमान, स्वतन्त्र र निष्पक्ष अदालतद्वारा स्वच्छ र सार्वजनिक सुनुवाईको अधिकार, दण्डनीय अभियोग लागेको व्यक्तिको प्रतिरक्षाका लागि आवश्यक सुनिश्चितताहरू र विना अनुचित विलम्ब पुर्पक्ष गराउन पाउने अन्य न्युनतम प्रत्याभूतिहरूयुक्त **मानव अधिकारहरूको**[1] **विश्वव्यापी घोषणापत्र**को स्मरण गर्दै,

- फौजदारी अभियोग लागेको जुनसुकै व्यक्तिलाई निजको उपस्थितिमा मुद्दा चलाइने र व्यक्तिगत वा निजले चुनेको वा तोकिएको कानुनी सहायताको माध्यमबाट निजको प्रतिरक्षा गरिने र न्यायको मकसदबमोजिम एक सक्षम, स्वतन्त्र र निष्पक्ष कानुनसृजित अदालतबाट पुर्पक्ष गरिने व्यवस्था रहेको **नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध**[2] (त्यसमा पनि विशेष गरी धारा १४) लाई स्मरण गर्दै,

- मिति २०१४ श्रावण १६ मा आफ्नो प्रस्ताव संख्या ६६३ सी (२५) मार्फत **आर्थिक तथा सामाजिक परिषद**द्वारा पारित एवं आफ्नो प्रस्ताव संख्या २०७६ (६२) द्वारा विस्तारित

---

१ प्रस्ताव २१७ ए (३)

२ हेर्नुहोस् प्रस्ताव २२०० ए (२१), अनुसूची

**कैदीहरूप्रति व्यवहारको मानक न्यूनतम नियमहरू**[३] जसअनुसार आफ्नो प्रतिरक्षार्थ कानुन व्यवसायीलाई बोलाएर भेट्न पाउने बन्दीको अधिकार सुनिश्चित गरिएको छ, सोलाई ध्यानमा राख्दै,

- एक थुनुवाले कानुनमा तोकिएबमोजिम आफ्नो प्रतिरक्षा आफैं वा कानुन व्यवसायीको सहयोगबाट गराउन पाउने अधिकार निहित रहेको **जुनसुकै प्रकारको थुना वा कैदमा रहेका सबै व्यक्तिहरूको रक्षार्थ सिद्धान्तहरूहरूको संग्रह**मध्ये[४] सिद्धान्त ११ लाई विचार गर्दै,

- कानुन व्यवसायी नराखेको कुनै पनि व्यक्तिलाई सबै अवस्थाहरूमा न्यायको सरोकारले समेटेसम्म प्रभावकारी कानुनी सहायता प्रदान गर्ने प्रयोजनका लागि अपराधको प्रकृति अनुकूलको क्षमतावान् र अनुभवी कानुन व्यवसायी निजको काममा तोकिनेछ र यदि निज अभियुक्तसँग यस्तो सेवाबापत शुल्क बुझाउने पर्याप्त साधनश्रोत छैन भने निशुल्क रूपमा यस्तो सेवा उपलब्ध गराइने व्यवस्था निहीत **कानुन व्यवसायीहरूका आधारभूत सिद्धान्तहरू**[५] (त्यसमा पनि सिद्धान्त ६) लाई विचार गर्दै,

- आ-आफ्नो राष्ट्रिय कानुनबमोजिम सदस्य राष्ट्रहरूले न्यायमा पहुँच बढाउनु पर्ने, आवश्यक पक्षलाई कानुनी सहायता दिने प्रावधानतर्फ विचार गर्नु पर्ने र फौजदारी न्यायप्रणालीमा निजहरूलाई आफ्ना अधिकारहरूको प्रभावकारी बहाली गराउनु पर्ने व्यहोरा सम्मिलित कृया र प्रतिकृया सम्बन्धी **बैंकक घोषणापत्र : अपराध निवारण र फौजदारी न्यायमा रणनीतिक गठबन्धनहरू**[६] (त्यसमा पनि अनुच्छेद १८) लाई पुनः स्मरण गर्दै,

- सदस्य राष्ट्रहरूले पुपर्क्षपूर्वको हिरासतलाई कम गर्नु पर्ने र उपयुक्तानुसार न्याय र कानुनी बचाउ संयन्त्रहरूप्रति अधिकाधिक पहुँच बढाउनु पर्ने व्यवस्था **निहित विश्वव्यापी चुनौतीहरूका लागि व्यापक रणनीतिहरू सम्बन्धी साल्भाडोर घोषणापत्र : एक परिवर्तनशील दुनियाँमा अपराध निवारण, फौजदारी न्याय प्रणाली र तिनको विकास**[७] (त्यसमा पनि अनुच्छेद ५२) लाई स्मरण गर्दै,

..................................

३ मानव अधिकार : अन्तर्राष्ट्रिय अनुबन्धहरूको एक संग्रह : भाग १, पहिलो भाग, विश्वव्यापी अनुबन्धहरू (संयुक्त राष्ट्र संघको प्रकाशन, भाग १, खण्ड १)

४ प्रस्ताव ४३/१७३, अनुसूची

५ अपराध निवारण र अपराधीहरूप्रतिको व्यवहार विषयक आठौं संयुक्त राष्ट्रसंघीय अधिवेशन, हभाना, २०४७ भदौ ११ देखि २२ गतेसम्म । सचिवालयद्वारा तयार प्रतिवेदन (संयुक्त राष्ट्र संघको प्रकाशन)

६ प्रस्ताव ६०/१७७, अनुसूची

७ प्रस्ताव ६५/२३०, अनुसूची

- **विशेष गरी अफ्रिकामा फौजदारी न्यायप्रणालीहरूमा कानुनी सहायताको पहुँचमा सुधार ल्याउनका लागि अन्तर्राष्ट्रिय सहकार्य** विषयक **आर्थिक तथा सामाजिक परिषद**को मिति २०६४ श्रावण १० को प्रस्ताव संख्या २००७/२४ लाई थप स्मरण गर्दै,
- एक स्वच्छ, मानवीय र प्रभावकारी एवं विधिको शासनमा आधारित स्वच्छ सुनुवाईको अधिकारसहितको फौजदारी न्याय प्रणाली जुन अन्य अधिकारहरूको भोगचलनका लागि एक आधारशिलाको रूपमा रहन्छ सोलाई यस्ता अधिकारहरूको प्रयोगको पूर्वशर्त र फौजदारी न्याय प्रकृयाका जनविश्वास र आधारभूत निष्पक्षता सुनिश्चत गर्ने एक महत्वपूर्ण सुरक्षा उपायको रूपमा कानुनी सहायताको अपरिहार्यतालाई हृदयंगम गर्दै,
- यस प्रस्तावमा थप गरिएको **फौजदारी न्याय प्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी राष्ट्रसंघीय सिद्धान्त र निर्देशिका**हरूलाई विश्वका कानुन प्रणाली  आर्थिक सामाजिक अवस्थाका विविधताहरू हेरी सदस्य राष्ट्रहरूले लागू गर्न सक्छन् भन्ने कुरा स्वीकार गर्दै,

१. फौजदारी न्याय प्रणालीहरूमा पहुँचका लागि सिद्धान्त र निर्देशिकाहरू विकास गर्नका लागि **फौजदारी न्याय प्रणालीहरूमा कानुनी सहायताको पहुँच बढाउने दिशामा सकृय खुला प्रकृतिको अन्तरसरकारी विज्ञसमूह**को कार्य (मिति २०६८ कार्तिक ३० देखि २०६८ मंसीर २ सम्म भियनामा भएको बैठकमा) लाई सधन्यवाद टिपोट गर्दछ।

२. यस प्रस्तावमा थप गरिएको **फौजदारी न्याय प्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी राष्ट्रसंघीय सिद्धान्त र निर्देशिका**हरूलाई सदस्य राष्ट्रहरूलाई फौजदारी न्यायमा विद्यमान कानुनी सहायता प्रणाली खडा हुनुपर्ने सिद्धान्तहरूतर्फ निर्देशित गर्नका लागि एक उपयोगी ढाँचाको रूपमा पारित र स्वीकार गर्दछ र यस सन्दर्भमा विद्यमान प्रस्तावको विषयवस्तु र अनुसूचीका सबै तत्वहरूलाई राष्ट्रिय विधायनअनुसार लागू गरिनेछ भन्ने विश्वास गर्दछ।

३. आ-आफ्ना राष्ट्रिय ऐनकानुनसँग अनुकूल हुने गरी यस सिद्धान्त र निर्देशिकाहरूको भावनाबमोजिम प्रभावकारी कानुनी सहायताको सुनिश्चितता गर्न सदस्य राष्ट्रहरूले उपयुक्त विधिहरू लागू र सम्बर्धन गर्नका लागि आव्हान गर्दछ एवं यस सन्दर्भमा विश्वका विभिन्न क्षेत्र र मुलुकहरूमा रहेका फौजदारी न्याय प्रणालीका विभिन्नताहरूलाई विचार गर्दै एवं कानुनी सहायतको विकास फौजदारी न्याय प्रणालीको समग्र सन्तुलन र राष्ट्र तथा क्षेत्रहरूको परिस्थितिबमोजिम गरिन्छ भन्ने कुरालाई समेत आत्मसात गर्दछ।

४. सदस्य राष्ट्रहरूलाई उपयुक्त हुँदासम्म कानुनी सहायता र यथासंभव हदसम्म सो सहायता प्रदान गर्ने तर्फ विचार गर्न उत्प्रेरित गर्दछ ।

५. सदस्य राष्ट्रहरूलाई उपयुक्त हुँदासम्म यी सिद्धान्त र निर्देशिकाहरूको सन्दर्भ लिँदै एवं राष्ट्रिय कानुनअनुसार फौजदारी न्याय प्रणालीमा कानुनी सहायताको पहुँच बढाउने तर्फ राष्ट्रिय प्रयास र उपायहरू अपनाउनका लागि थप अभिप्रेरित गर्दछ ।

६. गैरबजेटरीश्रोतहरू उपलब्ध भएको हदसम्म सदस्य राष्ट्रहरूलाई पुनर्स्थापकीय न्याय, कैदका विकल्प, र कानुनी सहायताको उपलब्धताका लागि एकीकृत योजनाहरूको विकास लगायत फौजदारी न्याय प्रणाली सुधारको क्षेत्रमा, अनुरोधमा आधारित सल्लाहकार सेवा र प्राविधिक सहयोग प्रदान गर्नका लागि **लागू औषध र अपराधका लागि राष्ट्रसंघीय कार्यालय**लाई अनुरोध गर्दछ ।

७. गैरबजेटरी श्रोतहरू उपलब्ध भएको हदसम्म यी सिद्धान्त र निर्देशिकाहरूलाई हातेकिताब र प्रशिक्षण सामग्रीजस्ता सान्दर्भिक साधनहरूको विकासमार्फत व्यापक प्रचार प्रसार र सहजै उपलब्ध गराउनका लागि **लागू औषध र अपराधका लागि राष्ट्रसंघीय कार्यालय**लाई थप अनुरोध गर्दछ ।

८. सदस्य राष्ट्रहरू र अन्य दाताहरूलाई उपरोक्त उद्देश्यहरूका लागि राष्ट्रसंघीय नियम र कार्यविधिहरूबमोजिम गैरबजेटरी श्रोतहरू उपलब्ध गराउन आव्हान गर्दछ ।

९. यस प्रस्तावको कार्यान्वयन स्थितिको बारेमा **अपराध निवारण रफौजदारी न्याय आयोग**को २३ औं सत्रमा प्रतिवेदन पेश गर्नका लागि महासचिवलाई अनुरोध गर्दछ ।

६० औं प्लेनरी बैठक
२०६९ पौष ५

# अनुसूची

## फौजदारी न्यायप्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्त र निर्देशिकाहरू

## क. परिचय

१. विधिको शासनमा आधारित एक स्वच्छ, मानवीय र प्रभावकारी फौजदारी न्याय प्रणालीका लागि कानुनी सहायता एक आवश्यकीय तत्व हो। यो प्रणाली अन्य अधिकारहरूको भोगचलनका लागि एक आधारशिलाको रूपमा रहन्छ। यस्ता अधिकारहरूको प्रयोगको पूर्वशर्त र फौजदारी न्याय प्रकृयाका जनविश्वास र आधारभूत निष्पक्षता सुनिश्चत गर्ने एक महत्वपूर्ण सुरक्षा उपायको रूपमा कानुनी सहायताको अपरिहार्यतालाई **मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्र**को धारा ११ मा समेत परिभाषा गरिएको छ।

२. यसका अतिरिक्त फौजदारी अभियोग लागेको जुनसुकै व्यक्तिलाई निजको उपस्थितिमा मुद्दा चलाइने र व्यक्तिगत वा निजले चुनेको वा तोकिएको कानुनी सहायताको माध्यमबाट निजको प्रतिरक्षा गरिने र न्यायको मकसदबमोजिम एक सक्षम, स्वतन्त्र र निष्पक्ष कानुनसृजित अदालतबाट पुर्पक्ष गरिने व्यवस्था **नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध** (धारा १४, अनुच्छेद ३ घ) मा गरिएको छ।

३. एक कृयाशील फौजदारी न्याय प्रणालीको अवयवको रूपमा एक सुचारू कानुनी सहायता प्रणालीले प्रहरी थाना र थुनुवा केन्द्रहरूमा आशंकित व्यक्तिहरू रहने समयावधि र कैदीहरूको संख्या घटाउन, गलत रूपमा दोषी ठहराउने, कारागारको अतिघनत्व, अदालतहरूको साँघुरोपना, पुनःअपराध र पुनःपीडितीकरणलाई न्यून गर्न महत्वपूर्ण रूपमा सघाउँछ। साथै, यसले फौजदारी न्याय प्रणालीमा पीडित र साक्षीका अधिकारहरूको संरक्षण समेत गर्दछ। कानुनी सचेतना अभिवृद्धि गर्दै अपराध निवारणमा योगदान गर्नका लागि कानुनी सहायताको उपयोग गर्न सकिन्छ।

४. गैरथुना उपायसहित डाइभर्सन र समुदायमा आधारित दण्ड र कारवाहीहरूको प्रयोगमा कानुनी सहायताले उल्लेख्य भूमिका निर्वाह गर्दछ। साथै, यसबाट फौजदारी न्याय प्रणालीमा समुदायको बढ्दो संलग्नताको प्रवर्धन, थुना र कैदको अनावश्यक प्रयोगमा नियन्त्रण, फौजदारी न्याय नीतिहरूको विवेकीकरण एवं राष्ट्रका संसाधनहरूको प्रभावकारी उपयोग सुनिश्चित हुन सक्दछ।

५. तर अफसोचजनक रूपमा कैयौं मुलुकहरूमा अझै पनि शंकित व्यक्तिहरू, फौजदारी अभियुक्तहरू, कैदी, पीडित र साक्षीहरूलाई कानुनी सहायता प्रदान गर्नका लागि आवश्यक साधन र क्षमता रहेको छैन।

६. अन्तर्राष्ट्रिय मापदण्ड र मान्यताप्राप्त असल अभ्यासहरूबाट साभार गरिएका **फौजदारी न्यायप्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी संयुक्त राष्ट्रसंघीय सिद्धान्त र निर्देशिकाहरू**सदस्य राष्ट्रहरूलाई फौजदारी न्यायमा विद्यमान कानुनी सहायता प्रणाली खडा हुनुपर्ने सिद्धान्तहरूतर्फ निर्देशित गर्नका लागि परिलक्षित छन् र **विशेष गरी अफ्रिकामा फौजदारी न्यायप्रणालीहरूमा कानुनी सहायताको पहुँचमा सुधार ल्याउनका लागि अन्तर्राष्ट्रिय सहकार्य** विषयक **आर्थिक तथा सामाजिक परिषद**को मिति २०६४ श्रावण १० को प्रस्ताव संख्या २००७/२४ मा उल्लेख भएबमोजिम एक प्रभावकारी र दीगो राष्ट्रिय कानुनी सहायता प्रणालीका लागि आवश्यक तत्वहरूको पहिचान गर्नका लागि समेत यी सिद्धान्त र निर्देशिकाहरू लक्षित रहेका छन्।

७. **अफ्रिकामा फौजदारी न्यायप्रणालीमा कानुनी सहायताको पहुँचसम्बन्धी लिलंग्वे घोषणापत्र** र **घोषणापत्रको कार्यान्वयनका लागि लिलंग्वे कार्ययोजना**अनुसार यी सिद्धान्त र निर्देशिकाहरूले कानुनी सहायताको एक व्यापक अवधारणा अपनाएका छन्।

८. यी सिद्धान्त र निर्देशिकाहरूको प्रयोजनका लागि कानुनी सहायता भन्नाले थुनामा राखिएका, गिरफ्तार गरिएका, कैदमा राखिएका, अभियोग लगाइएका वा शंका गरिएका व्यक्तिहरूलाई एवं फौजदारी न्याय पद्धतिमा रहेका पीडित तथा साक्षीहरू समेतलाई उपलब्ध गराइएको कानुनी सल्लाह, सहयोग वा प्रतिनिधित्वलाई जनाउनेछ। न्यायको मकसदले समेट्दासम्म पर्याप्त संसाधन नभएका यस्ता व्यक्तिहरूलाई कानुनी सहायता निशुल्क प्रदान गरिन्छ। यसका अतिरिक्त कानुनी सहायताले कानुनी शिक्षाको अवधारणा, कानुनी सूचनासम्म पहुँच र विवादको वैकल्पिक समाधान संयन्त्र र पुनर्स्थापकीय न्याय प्रकृयाबमोजिम व्यक्तिहरूलाई दिइएका अन्य सेवाहरू समेत पर्दछन्।

९. यी सिद्धान्त र निर्देशिकाहरूको प्रयोजनका लागि कानुनी सहायता प्रदान गर्ने व्यक्तिलाई कानुनी सहायता प्रदायक र संस्थालाई कानुनी सहायता सेवाप्रदायक भनिन्छ। कानुनी

सहायताका प्रथम प्रदायक कानुन व्यवसायीहरू हुन् । तर यी सिद्धान्त र निर्देशिकाहरूले सुझाव समेत दिन्छन् कि राज्यहरूले गैर सरकारी संस्था, समुदायमा आधारित संस्था, धार्मिक तथा गैरधार्मिक परोपकारी संस्था, व्यावसायिक निकाय र संस्था तथा प्राज्ञजगतलाई समेत कानुनी सहायता सेवाप्रदायकमा समावेश गर्नु वाञ्छनीय हुन्छ । विदेशी नागरिकहरूलाई कानुनी सहायता प्रदान गर्दा **दौत्य सम्बन्धसम्बन्धी भियना अभिसन्धि**[१] र अन्य लागू द्विपक्षीय सम्झौताहरू अनुकूल गर्नु पर्दछ ।

१०. कानुनी सहायता प्रदान गर्नका लागि राज्यहरूले विभिन्न प्रारूपहरू प्रयोगमा ल्याउने तथ्य उल्लेखनीय छ । यिनमा सरकारी प्रतिरक्षकहरू, निजी कानुन व्यवसायीहरू, करारीय अधिवक्ताहरू, कल्याणकारी योजनाहरू, बार एसोसियनहरू, प्यारालिगल र अन्य पर्दछन् । यी सिद्धान्त र निर्देशिकाहरूले थुनामा राखिएका, गिरफ्तार गरिएका, कैदमा राखिएका[२], अभियोग लगाइएका वा शंका गरिएका व्यक्तिहरूलाई[३] आधारभूत कानुनी सहायता सुनिश्चित गर्नका लागि, फौजदारी न्यायप्रणालीको सम्पर्कमा आएका अन्य जुनसुकै व्यक्तिहरूमा कानुनी सहायता विस्तार गर्नका लागि एवं कानुनी सहायता प्रदान योजनाहरूको विविधीकरण गर्नका लागि कुनै खास प्रारूपको समर्थन गर्दैनन् ।

११. यी सिद्धान्त र निर्देशिकाहरू यस मान्यतामा आधारित छन् कि राज्यहरूले उपयुक्त हुँदासम्म कानुनी सहायतासँग हुबहु सम्बन्धित नभए पनि सुसंचालित कानुनी सहायताको स्थापना वा सम्बर्धनको माध्यमबाट एक सुचारूफौजदारी न्यायप्रणाली र न्यायमा पहुँचतर्फ सकारात्मक प्रभाव छोड्न सक्दछन् ।

१२. फौजदारी न्यायप्रणालीको सम्पर्कमा आउँदा केही खास समूहहरूलाई अतिरिक्त संरक्षण चाहिने वा थप कमजोर हुने तथ्यलाई स्वीकार गर्दै यी सिद्धान्त र निर्देशिकाहरूले महिला, बालबालिका र विशेष आवश्यकता समूहहरूका लागि खास प्रावधानहरू समेत समावेश गरेका छन् ।

१३. यी सिद्धान्त र निर्देशिकाहरू अन्तर्राष्ट्रिय कानुनमा मान्यता गरिएको कानुनी सहयोगको

..................................

१ संयुक्त राष्ट्र संघ, सन्धि श्रृंखला, भाग ५९६, संख्या ८६३८

२ गिरफ्तारी, पक्राउ गरिएको व्यक्ति र कारागारमा रहेको व्यक्तिलाई जुनसुकै स्वरूपको थुना वा कारावासमा रहेका सबै व्यक्तिहरूको संरक्षणका लागि सिध्दान्तहरूको संग्रह (प्रस्ताव ४३/१७३, अनुसूची) मा परिभाषा गरिएबमोजिम अर्थ लगाइनेछ ।

३ आशंकित व्यक्तिहरूको कानुनी सहायताप्रतिको अधिकार सोधपूछपूर्व नै प्रारम्भ हुन्छ जब उनीहरूरूलाई ज्ञात हुन्छ कि उनीहरू अनुसन्धानको विषय बनेका छन् र एक हिरासत अवस्थामा उनीहरू दुर्व्यवहार र डरत्रासको जोखिममा रहन्छन् ।

अधिकारसँग पृथक रहँदै कानुनी सहायताको अधिकारसँग मुख्य रूपमा सम्बन्धित छन् । यी सिद्धान्त र निर्देशिकाहरूमा रहेका कुनै पनि कुराहरूलाई विद्यमान राष्ट्रिय कानुन, नियम, र न्याय प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय मानवअधिकार महासन्धि वा अनुबन्धहरूमा व्यवस्था गरिएभन्दा तल्लो स्तरमा संरक्षण दिएको अर्थमा व्याख्या गरिनु हुँदैन । यी मध्ये प्रमुख छन् : **नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, बालअधिकार महासन्धि**[४], **महिलाविरूध्दका सबै भेदभाव उन्मूलन गर्ने महासन्धि**[५], **सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यको अधिकारसंरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**[६] आदि प्रमुख छन् । तथापि, राज्यहरू आफूले अनुमोदन वा सम्मिलन नभएका अन्तर्राष्ट्रिय र क्षेत्रीय महासन्धिबाट बाँधिएका छन् भनी व्याख्या गरिनु हुँदैन ।

## ख. सिद्धान्तहरू

### सिद्धान्त १ : कानुनी सहायताको अधिकार

१४. एक स्वच्छ, मानवीय र प्रभावकारी एवं विधिको शासनमा आधारित स्वच्छ सुनुवाईको अधिकारसहितको फौजदारी न्याय प्रणाली जुन अन्य अधिकारहरूको भोगचलनका लागि एक आधारशिलाको रूपमा रहन्छ सोलाई यस्ता अधिकारहरूको प्रयोगको पूर्वशर्त र फौजदारी न्याय प्रकृयाको[७] जनविश्वास र आधारभूत निष्पक्षता सुनिश्चित गर्ने एक महत्वपूर्ण सुरक्षा उपायको रूपमा कानुनी सहायताको अपरिहार्यतालाई हृदयंगम गर्दै, राज्यहरूले कानुनी सहायताको अधिकारलाई आ-आफ्नो राष्ट्रिय कानुन प्रणालीको उच्चतम तह र सम्भव भएसम्म संविधानमै प्रत्याभूत गर्नु पर्नेछ ।

..................................

४ संयुक्त राष्ट्र संघ, सन्धि श्रृंखला, भाग १५७७, संख्या २७५३१

५ ऐ.ऐ. भाग १२४९, संख्या २७५३१

६ ऐ.ऐ. भाग २२२०, संख्या ३९४८१

७ न्याय प्रकृया भन्नाले बालपीडित र अपराधका साक्षीहरू सम्मिलित विषयहरूमा न्यायदर्शिका (आर्थिक तथा सामाजिक परिषद प्रस्ताव संख्या २००५/२०, अनुसूची) मा परिभाषा गरिएबमोजिम बुझ्नु पर्नेछ । यी सिध्दान्त र निर्देशिकाहरूको प्रयोजनका लागि यस शब्दले सुपुर्दगी, कैदीहरूको स्थानान्तरण र आपसी कानुनी सहयोग कारवाहीहरूलाई पनि जनाउनेछ ।

## सिद्धान्त २ : राज्यका जिम्मेवारीहरू

१५. राज्यहरूले कानुनी सहायतालाई आफ्नो कर्तव्य र जिम्मेवारीको रूपमा लिनु पर्नेछ। सो प्रयोजनका लागि तिनीहरूले उपयुक्त हुँदासम्म विशेष प्रकारका ऐन नियमहरू तर्जुमा गर्दै एक पहुँचयोग्य, प्रभावकारी, दिगो, विश्वसनीय तथा व्यापक कानुनी सहायता प्रणाली गठन गर्नु पर्नेछ। यस कानुनी सहायता प्रणालीका लागि राज्यहरूले आवश्यक मानवीय तथा वित्तीय संसाधनहरूको प्रबन्ध गर्नु पर्नेछ।

१६. राज्यले कानुनी सहायताको लाभार्थीले पाउने प्रतिरक्षाको संगठन वा निजको कानुनी सहायता प्रदायकको स्वतन्त्रताउपर हस्तक्षेप गर्नु हुँदैन।

१७. राज्यहरूले आपराधिक व्यवहार र पीडितीकरणलाई निवारण गर्न उपयुक्त साधनहरूद्वारा आफ्ना अधिकार र दायित्वहरूबारे जनताको ज्ञानलाई अभिवृद्धि गर्नु पर्नेछ।

१८. राज्यहरूले आफ्नो न्यायप्रणाली र त्यसका कार्यहरू, अदालतमा उजुरी गर्ने तरिकाहरू र विवादको वैकल्पिक समाधान संयन्त्रहरूबारे आफ्ना समुदायहरूको ज्ञानलाई अभिवृध्दि गर्न प्रयास गर्नु पर्नेछ।

१९. राज्यहरूले कानुनबमोजिम अपराध मानिने कार्यहरूका बारेमा आफ्ना समुदायहरूलाई सुसूचित गर्नका लागि उपयुक्त कदमहरू चाल्नु पर्नेछ। अपराधको निवारणका लागि अन्य न्यायक्षेत्रका स्थानहरूमा भ्रमण गर्नेहरूलाई त्यहाँको अपराधको वर्गीकरण र अभियोजनका विषयमा जानकारी दिनु आवश्यक हुन्छ।

## सिद्धान्त ३ : फौजदारी अभियोग लागेको वा शंका गरिएको व्यक्तिलाई कानुनी सहायता

२०. कारावास वा मृत्युदण्डको सजाय पाउन सक्ने गरी कुनै फौजदारी अभियोग लागेको, शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको जुनसुकै व्यक्तिलाई फौजदारी न्याय प्रकृयाका सबै चरणहरूमा कानुनी सहायता उपलब्ध हुने कुराको सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

२१. मुद्दाको गम्भीरता वा जटिलता वा सम्भाव्य सजायको तीव्रतालाई ध्यानमा राख्दै न्यायको हितमा रहँदासम्म व्यक्तिका साधनश्रोतहरू रहे वा नरहे पनि कानुनी सहायता प्रदान गर्नु पर्नेछ।

२२. वयस्कहरू सरह वा सोभन्दा उदार किसिमले बालबालिकाहरूलाई पनि कानुनी सहायतामा पहुँच दिइनु पर्दछ।

२३. प्रहरी, अभियोजक र न्यायाधीशको जिम्मेवारी रहन्छ कि उनीहरूको अगाडि पेश गरिएका कानुन व्यवसायी राख्न नसक्ने र/वा कमजोर तप्काका व्यक्तिहरूलाई कानुनी सहायतासम्म पहुँच पु-याउन सकियोस्।

## सिद्धान्त ४ : अपराधका पीडितहरूलाई कानुनी सहायता

२४. अभियुक्तका अधिकारहरूको बर्खिलाप नहुने गरी राज्यहरूले उपयुक्त ढंगले अपराधका पीडितहरूलाई कानुनी सहायता प्रदान गर्नु पर्नेछ।

## सिद्धान्त ५ : साक्षीहरूलाई कानुनी सहायता

२५. अभियुक्तका अधिकारहरूको बर्खिलाप नहुने गरी राज्यहरूले उपयुक्त ढंगले अपराधका साक्षीहरूलाई कानुनी सहायता प्रदान गर्नु पर्नेछ।

## सिद्धान्त ६ : गैर विभेद

२६. उमेर, वर्ण, लिङ्ग, भाषा, धर्म वा आस्था, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, नागरिकता वा अधिवास, जन्म, शिक्षा वा सामाजिक हैसियत वा अन्य स्तर जेसुकै रहेभएको भएता पनि सोको पर्बाहविना सबै व्यक्तिहरूलाई कानुनी सहायता प्रदान गर्ने सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

## सिद्धान्त ७ : कानुनी सहायताको तत्काल र प्रभावकारी व्यवस्था

२७. फौजदारी न्याय प्रकृयाका सबै चरणहरूमा प्रभावकारी कानुनी सहायता उपलब्ध हुने कुराको सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

२८. प्रभावकारी कानुनी सहायता अन्तर्गत अन्य कुराहरूका अतिरिक्त थुनामा राखिएका व्यक्तिहरूसम्म कानुनी सहायता प्रदायकहरूको अवरोधहीन (सहज) पहुँच, सबै सञ्चारहरूको गोपनीयता, मिसिलसम्म पहुँच  प्रतिरक्षा तयार गर्नका लागि आवश्यक सुविधाहरू पर्दछन्।

## सिद्धान्त ८ : सुसूचित हुन पाउने अधिकार

२९. कुनै पनि सोधपुछपूर्व र स्वतन्त्रताबाट वञ्चित गर्दाको समयमा व्यक्तिहरूलाई कानुनी सहायताको अधिकार र अन्य कार्यविधिगत सुरक्षा उपायहरूको बारेमा सूचना दिने साथै स्वैच्छिक रूपमा ती अधिकारहरू परित्याग गर्नुका संभाव्य परिणामहरूको बारेमा जानकारी दिने सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

३०. फौजदारी न्याय प्रकृयाको दौरानमा अधिकारहरू र कानुनी सहायता सेवाहरूसँग सम्बन्धित सूचना निशुल्क रूपमा जनताको पहुँच पुग्ने गरी उपलब्ध गराउने सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

## सिद्धान्त ९ : उपचार र सुरक्षा उपाय

३१. यदि कानुनी सहायताको पहुँच बाधा गरिएमा, विलम्ब वा इन्कार गरिएमा वा व्यक्तिहरूलाई कानुनी सहायता लिन पाउने निजहरूको अधिकारका बारेमा पर्याप्त सूचना नदिइएको खण्डमा लागू गर्न सकिने प्रभावकारी उपचार र सुरक्षा उपायहरूको स्थापना राज्यहरूले गर्नु पर्नेछ।

## सिद्धान्त १० : कानुनी सहायताको पहुँचमा समन्यायिकता

३२. वृद्धवृद्धा, अल्पसंख्यक, अपाङ्गता भएका, मानसिक बिरामी, एच्.आई.भी र अन्य गम्भीर संक्रामक रोगहरू लागेका व्यक्तिहरू, दुर्व्यसनी, आदिवासी र जनजाति, राज्यविहीन व्यक्तिहरू, शरण लिन खोज्नेहरू, विदेशी नागरिक, आप्रवासी र आप्रवासी कामदार, शरणार्थी र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका अतिरिक्त महिला, बालबालिका र विशेष आवश्यकता समूहहरूसम्म कानुनी सहायताको अर्थपूर्ण पहुँच सुनिश्चित गर्न विशेष कदमहरू चाल्नु पर्नेछ। यस्ता उपायहरूले लैङ्गिक-संवेदी  उमेरसुहाउँदो सहित ती समूहका विशेष आवश्यकतालाई सम्बोधन गर्नु पर्नेछ।

३३. ग्रामीण, दुर्गम स्थानमा वा आर्थिक, सामाजिक रूपमा पिछडिएका स्थानमा रहेका व्यक्तिहरू एवं आर्थिक तथा सामाजिक रूपमा सुविधाविहीन वर्गका सदस्यहरूलाई कानुनी सहायता प्राप्त गर्ने कुराको सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ।

## सिद्धान्त ११ : बालकको सर्वोत्तम हितमा कानुनी सहायता

३४. बालबालिकालाई प्रभाव पार्ने कानुनी सहायताका सबै निर्णयहरूमा[८] उनीहरूका सर्वोत्तम हित नै प्राथमिक सरोकारको विषय हुनु पर्नेछ।

३५. बालकको सर्वोत्तम हितमा कानुनी सहायतालाई प्राथमिकताका साथ दिनु पर्दछ जुन आफैंमा पहुँचयोग्य, उमेरसुहाउँदो, बहुविधा, प्रभावकारी र बालबालिकाका विशेष कानुनी तथा सामाजिक आवश्यकताहरूप्रति संवेदनशील हुन सकोस्।

---

८ बालअधिकार महासन्धिबमोजिम बालक भन्नाले १८ वर्षमुनिको जुनसुकै व्यक्तिलाई जनाउँदछ।

### सिद्धान्त १२ : कानुनी सहायता प्रदायकहरूको स्वतन्त्रता र सुरक्षा

३६. कानुनी सहायता प्रदायकहरूले आफ्नो कार्य प्रभावकारी, स्वतन्त्र र तटस्थ रूपमा सम्पादन गर्न सक्ने कुराको सुनिश्चितता राज्यहरूले गर्नु पर्नेछ। कानुनी सहायता प्रदायकहरूले आफ्ना सबै व्यावसायिक कार्यहरू विनाडरत्रास, अवरोध, हैरानी वा अनुचित हस्तक्षेपविना गर्न सकून्, निजहरू भ्रमण गर्न, आफ्ना सेवाग्रहीहरूलाई स्वतन्त्र र पूर्ण गोप्य रूपमा आफ्नै देशमा वा विदेशमा समेत भेट्न वा तिनीहरूसँग सल्लाह गर्न सकून्, अभियोजन र अन्य सान्दर्भिक मिसिलहरूमा स्वतन्त्र पहुँच राख्न सकून् र स्वीकृत व्यावसायिक कर्तव्य, स्तर र आदर्शबमोजिम गरिएका कुनै पनि कार्यहरूका लागि उनीहरूलाई अभियोजन वा आर्थिक, प्रशासनिक वा अन्य कारबाहीबाट पीडित हुनु पर्ने वा खतरा नरहोस् भन्ने कुराको प्रत्याभूति राज्यहरूले गर्नु पर्नेछ।

### सिद्धान्त १३ : कानुनी सहायता प्रदायकहरूको दक्षता र जवाफदेहिता

३७. सबै कानुनी सहायता प्रदायकहरूले उनीहरूको कार्यप्रकृति, उनीहरूले सामना गर्नु पर्ने अपराधको गम्भीरता र महिला, बालबालिका एवम् विशेष आवश्यकता भएका समूहहरूका अधिकार र जरूरतहरूसँग अनुकूल हुने गरी शिक्षादीक्षा, प्रशिक्षण, सीप र अनुभव हासिल गरेका छन् भन्ने कुराको प्रत्याभूति राज्यहरूले गर्नु पर्नेछ।

३८. कानुनी सहायता प्रदायकहरू विरूद्धका अनुशासनात्मक उजुरीहरू एक निष्पक्ष निकायद्वारा न्यायिक पुनरावलोकनको अधीनमा रही उनीहरूको पेशागत आचारसंहिताबमोजिम तत्काल अनुसन्धान र निर्णय गरिनु पर्दछ।

### सिद्धान्त १४ : साझेदारीहरू

३९. कानुनी सहायता प्रदान गर्ने कुरामा कानुन व्यवसायी संगठनहरू, विश्वविद्यालयहरू, नागरिक समाज र अन्य संस्था, निकायहरूको योगदानलाई राज्यहरूले स्वीकार र प्रोत्साहन गर्नु पर्नेछ।

४०. उपयुक्त रहँदासम्म कानुनी सहायताको दायरा फराकिलो पार्नका लागि सार्वजनिक-निजी र अन्य किसिमका साझेदारीहरूको विकास गरिनु पर्दछ।

# ग. निर्देशिकाहरू

## निर्देशिका १ : कानुनी सहायताको उपलब्धता

४१. कानुनी सहायता लिन पाउने वा नपाउने पूर्वयोग्यताको निर्धारण गर्नका लागि साधन परीक्षण विधि अपनाउँदा राज्यहरूले देहायका कुराहरू सुनिश्चित गर्नुपर्दछ :

क) ती व्यक्तिहरू जसका साधनहरूले साधन परीक्षण विधि पार गर्छन् तर अन्य अवस्थामा कानुनी सहायता दिन सकिने स्थितिमा उनीहरूले एक कानुन व्यवसायी राख्न सक्दैनन् वा सोसम्म पहुँच पु-याउन सक्दैनन् वा न्यायको मकसदबमोजिम तिनीहरूलाई त्यस्तो सहायता दिन मनासिब देखिएमा त्यस्ता व्यक्तिहरूलाई कानुनी सहायता लिनबाट विमुख गरिने छैन।

ख) साधन परीक्षण विधिमा अपनाइने मापदण्डहरूको व्यापक प्रचारप्रसार गरिनु पर्दछ।

ग) प्रहरी थाना, थुनुवा केन्द्रवा अदालतमा तत्काल कानुनी सहायता आवश्यक पर्ने व्यक्तिहरूलाई उनीहरूको पूर्वयोग्यता परीक्षण हुँदै गर्दा प्रारम्भिक कानुनी सहायता उपलब्ध गराइनेछ। बालबालिकाहरूलाई साधन परीक्षण विधिबाट जहिले पनि मुक्त राखिनेछ।

घ) साधन परीक्षण विधिबाट कानुनी सहायता पाउन अयोग्य देखिएकाहहरूले सो निर्णयविरूद्ध पुनरावेदन गर्न सक्नेछन्।

ङ) व्यक्तिको विशेष परिस्थिति र कानुनी सहायता इन्कार गरिनुका कारणहरूमा विचार गर्दै अदालतले निज व्यक्तिले कानुनी सहायता पाउने गरी निर्देशन दिन सक्नेछ। यसो गर्दा न्यायिक हितलाई मध्यनजर राख्दै निजले आफ्नो तर्फबाट अंशदान गर्नु पर्ने वा नगर्ने गरी तोक्न सक्नेछ।

च) यदि परिवारको गार्हस्थ आम्दानीको आधारमा साधन परीक्षण विधि अपनाइएको तर परिवारका सदस्यहरू एक अर्कासँग द्वन्द्वरत रहेको वा परिवारको आम्दानीमा सबै व्यक्तिहरूको समान पहुँच नपुगेको खण्डमा कानुनी सहायताका लागि आवेदन गर्ने व्यक्तिमात्रको आम्दानीलाई साधन परीक्षण विधिका लागि गणना गरिनेछ।

## निर्देशिका २ : कानुनी सहायताको बारेमा सूचना पाउने अधिकार

४२. कानुनी सहायताको बारेमा सूचना पाउने व्यक्तिहरूको अधिकार प्रत्याभूत गर्नका लागि राज्यहरूले देहायका कुराहरू सुनिश्चित गर्ने छन् :

क) कानुनी सहायताको बारेमा सूचना पाउने अधिकार र सो सहायताभित्र पर्ने कुराहरू, त्यस्ता कानुनी सहायता सेवाहरूको उपलब्धता, कसरी ती सेवासम्म पहुँच पु-याउने र अन्य सान्दर्भिक सूचनाहरू स्थानीय सरकारका कार्यालयहरू, शैक्षिक र धार्मिक संस्थाहरू, इन्टनेटसहितका आमसञ्चार माध्यम र अन्य उपयुक्त विधिहरूद्वारा समुदाय र आम जनतासम्म उपलब्ध गराउनु पर्नेछ।

ख) अलगथलग एवम् सीमान्तीकृत समूहहरूलाई पनि यस्तो सूचना अवगत गराउनु पर्नेछ। रेडियो र टिभी कार्यक्रम, क्षेत्रीय र स्थानीय पत्रपत्रिका, इन्टरनेट र अन्य साधनहरूको प्रयोगमार्फत कानुनमा भएका परिवर्तनहरू, कुनै समुदायलाई असर पर्ने कुराहरू, लक्षित समुदाय भेलाहरूका बारेमा सूचनाप्रवाह गर्नु पर्नेछ।

ग) सुविधा नपाएका व्यक्तिहरूलाई तिनको कानुनी सहायताको अधिकार र अन्य कार्यविधिगत सुरक्षा उपायका बारेमा प्रहरी अधिकृत, अभियोजक, न्यायिक अधिकारी र अन्य थुनुवा केन्द्र वा कारागारका अधिकृतहरूले जानकारी दिनु पर्नेछ।

घ) फौजदारी न्यायप्रकृयामा कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको व्यक्तिका अधिकारका बारेमा र कानुनी सहायता सेवाहरूको विषयमा प्रहरी थानामा, थुनुवा केन्द्रमा, अदालत र कारागारमा अभियुक्त सामु अधिकारपत्र वा अन्य कुनै आधिकारिक फाराम पेस गरेर जानकारी गराउन सकिनेछ। यस्तो सूचना प्रसारण गर्दा अशिक्षित व्यक्तिहरू, अल्पसङ्ख्यकहरू, अपाङ्गता भएका व्यक्ति र बालबालिकाका आवश्यकताहरू समेटिने गरी गर्नु पर्नेछ। यस्तो जानकारी ती व्यक्तिहरूले बुझ्ने भाषामा दिइनु पर्दछ। बालबालिकालाई दिइने यो सूचना उनीहरूको उमेर र परिपक्वता सुहाउँदो हुनु पर्नेछ।

ङ) कानुनी सहायताको अधिकारका बारेमा पर्याप्त मात्रामा जानकारी नगराइएका व्यक्तिहरूका हकमा प्रभावकारी उपचारविधिहरूको प्रबन्ध गरिनु पर्दछ। यस्ता उपचारविधिमा कार्यविधिगत कार्यहरूमा प्रतिबन्ध, थुनामुक्ति, प्रमाणलाई अलग राख्ने र क्षतिपूर्ति हुन सक्दछन्।

च) कुनै व्यक्तिलाई वास्तवमै सूचित गरिएको हो भन्ने प्रमाणहरू यथास्थानमा राखिनु पर्दछ।

## निर्देशिका ३ : कुनै फौजदारी अभियोग लागेको वा शङ्का गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिका अन्य अधिकारहरू

४३. देहायका विषयमा राज्यहरूले कदम चाल्ने छन् :

क) कुनै फौजदारी अभियोग लागेको वा शङ्का गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिलाई निज मौन बस्न सक्ने, कानुन व्यवसायी वा योग्य भएमा कानुनी सहायता प्रदायकसँग मुद्दामामिलाको जुनसुकै चरणमा परामर्श गर्न सक्ने निजको अधिकारको बारेमा तत्काल जानकारी दिने। विशेष गरी अधिकारीहरूले निजको सोधपूछ गर्नुपूर्व नै यस्तो सूचना दिइनेछ। साथै निजको सोधपुछ भइरहँदा वा अन्य कार्यविधिगत कारबाहीको समयमा निजले कुनै स्वतन्त्र कानुन व्यवसायी वा कानुनी सहायता प्रदायकबाट सहयोग लिन सक्ने अधिकारको बारेमा समेत अवगत गराउने।

ख) बाध्यकारी परिस्थितिमा बाहेक अघिपछि र निज सम्बन्धित व्यक्तिले नै स्वैच्छिक रूपमा सहमति दिएको खण्डमा बाहेक अन्य परिस्थितिहरूमा प्रहरीले निजको कानुन व्यवसायीको अनुपस्थितिमा सोधपूछ गर्ने कार्यलाई प्रतिबन्धित गर्ने। सम्बन्धित व्यक्तिले नै कानुन व्यवसायी नराख्न स्वैच्छिक रूपमा सहमति दिएको कुरालाई रूजू गर्नका लागि संयन्त्रहरू बनाउने। कानुनी सहायता प्रदायक नआउँदासम्म यस्तो सोधपुछ शुरू नगर्ने।

ग) सबै विदेशी थुनुवा वा कैदीहरूको हकमा निजहरूले विना विलम्ब आफ्ना कन्सुलर अधिकारीहरूसँग भेट्नका लागि अनुरोध गर्न सक्ने अधिकारका बारेमा उनीहरूले बुझ्ने भाषामा जानकारी दिने।

घ) आफ्नो गिरफ्तारी भएलगत्तै व्यक्तिहरूले पूर्ण गोपनीयतामा कानुन व्यवसायी वा कानुनी सहायता प्रदायकसँग भेट गर्न पाउने एवम् थप सञ्चारहरू समेत गोपनीय रहने कुरा सुनिश्चित गर्ने।

ङ) जुनसुकै कारणले थुनामा परेको व्यक्तिले निजका परिवारका अन्य सदस्यलाई वा निजले रोजेका अन्य उपयुक्त व्यक्तिलाई निजको गिरफ्तारी, थुनामा राखिएको ठाउँ र सो ठाउँको परिवर्तनका बारेमा जानकारी दिने सुविधा उपलब्ध गराउने। तर जतिबेला यस्तो सूचनाको प्रवाहले फौजदारी अनुसन्धान प्रभावित हुने वा सूचना रोक्नु अपरिहार्य हुने वा कानुनमै सो व्यवस्था रहेको छ भने त्यतिबेला सक्षम निकायले यस्तो सूचना दिने कार्यमा विलम्ब गर्न सक्दछ।

च) आवश्यकता र उपयुक्त भएअनुसार एक स्वतन्त्र दोभाषे र कागजातहरूको अनुवाद सेवाहरू उपलब्ध गराउने।

छ) आवश्यकतानुसार एक संरक्षक खटाउने ।

ज) प्रहरी थाना वा थुनुवा केन्द्रमा कानुनी सहायता प्रदायकसँग संपर्क गर्ने साधनहरूको व्यवस्था गर्ने ।

झ) कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिलाई निजका अधिकारहरू र ती अधिकार परित्याग गर्दाका परिणामहरूलाई सरल र साधारण भाषामा जानकारी गराउने र निज व्यक्तिले यी दुवै कुराहरूलाई बुझेको कुरा सुनिश्चित गर्ने ।

ञ) यातना वा दुर्व्यवहारका विरूद्धमा उजुरी दर्ता गर्न सकिने संयन्त्रहरूका बारेमा व्यक्तिहरूलाई बताइएको कुरा सुनिश्चित गर्ने ।

ट) व्यक्तिले प्रयोग गर्ने यी अधिकारहरूको प्रयोग निजकै हितविरूध्द नजाने कुरा सुनिश्चित गर्ने ।

## निर्देशिका ४ : पुर्पक्षपूर्वको चरणमा कानुनी सहायता

४४. कानुनसम्मतरूपमा थुनामा परेका व्यक्तिहरूले तत्काल कानुनी सहायता पाउने कुरा सुनिश्चित गर्न राज्यहरूले देहायका उपाय अपनाउने छन् :

क) विशेष गरी प्रहरी थानाहरूमा कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिहरूको कानुनी सहायता पाउन सक्ने अधिकार वा पहुँचलाई प्रहरी र न्यायिक अधिकारीहरूले स्वेच्छाचारी रूपमा बन्देज लगाउन नसकून् भन्ने कुरा सुनिश्चित गर्ने ।

ख) प्रहरी थाना र अन्य थुनुवा केन्द्रहरूमा रहेका व्यक्तिहरूलाई सहयोग पु-याउने हेतु कानुनी सहायता प्रदायकहरूलाई पहुँच दिने ताकि त्यस्तो सहायता उपलब्ध गराउन सकियोस् ।

ग) पुर्पक्षपूर्वका सबै कामकारबाही र सुनुवाईहरूमा कानुनी प्रतिनिधित्व प्रत्याभूत गर्ने ।

घ) प्रहरी हिरासतमा रहने समयावधिको अनुगमन र नियमन गर्ने । यसका लागि न्यायिक अधिकारीहरूलाई नियमित रूपमा थुनुवा केन्द्रहरूमा पुर्पक्षका लागि राखिएका व्यक्तिहरूको चापको लेखाजोखा गर्न लगाउने ताकि व्यक्तिहरूलाई कानुनी रूपमै पुर्पक्षका लागि पठाइएको, तिनका मुद्दाहरू समयमै निष्पादन गरिएको र उनीहरूलाई थुनामा राखिएका अवस्थाहरू अन्तर्राष्ट्रिय कानुनसहित राष्ट्रिय मापदण्डअनुकूल होऊन् ।

ङ) कुनै व्यक्ति हिरासतमा पर्दासाथ प्रत्येक व्यक्तिलाई निजले कानुनबमोजिम पाउने अधिकार, हिरासतका नियमहरू र पुपर्क्षपूर्वका प्रारम्भिक चरणहरूका बारेमा सूचित गर्ने । यस्तो सूचना अशिक्षित व्यक्तिहरू, अल्पसंख्यकहरू, अपांगता भएका व्यक्ति र बालबालिकाका आवश्यकताहरू समेटिने गरी दिनु पर्नेछ । यस्तो जानकारी ती व्यक्तिहरूले बुझ्ने भाषामा दिइनु पर्दछ । बालबालिकालाई दिइने यो सूचना उनीहरूको उमेर र परिपक्वता सुहाउँदो हुनु पर्नेछ । यस्तो सूचना सामग्रीलाई हिरासतमा महत्वका साथ राखिएका दृष्य सामग्रीहरूद्वारा पुष्टि गरिनु पर्दछ ।

च) विशेष गरी प्रहरी थानाहरूमा कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिहरूलाई स्थापित एक व्यापक कानुनी प्रणालीको समर्थनका लागि अधिवक्ता र अभिवक्ताहरूको एक सूची तयार गर्नका लागि बार वा कानुन व्यवसायी संगठनहरू र अन्य साझेदार संस्थाहरूलाई अनुरोध गर्ने ।

छ) फौजदारी अभियोग लागेको जुनसुकै व्यक्तिसँग पर्याप्त संसाधन नभएको अवस्थामा आफ्नो प्रतिरक्षा तयारीका लागि चाहिनेजति समय, सुविधा, आर्थिक र प्राविधिक सहयोग रहेको र निज आफ्नो कानुन व्यवसायीसँग पूर्ण गोपनीयतामा परामर्श गर्न सक्ने कुरा सुनिश्चित गर्ने ।

## निर्देशिका ५ : अदालती कारवाहीको चरणमा कानुनी सहायता

४५. अदालतद्वारा कैद सजाय वा मृत्युदण्ड हुने खालको फौजदारी अभियोग लागेको जुनसुकै व्यक्तिलाई पुनरावेदनसहित अदालती कामकारवाहीका सबै चरणहरू र अन्य सम्बद्ध कारवाहीमा कानुनी सहायताको पहुँच सुनिश्चित गर्नका लागि राज्यहरूले देहायका उपायहरू अवलम्बन गर्ने छन् :

क) अभियुक्तले आफूमाथि लागेको मुद्दा र सोका संभाव्य परिणामहरू बुझेको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

ख) फौजदारी अभियोग लागेको जुनसुकै व्यक्तिसँग पर्याप्त संसाधन नभएको अवस्थामा आफ्नो प्रतिरक्षा तयारीका लागि चाहिनेजति समय, सुविधा, आर्थिक र प्राविधिक सहयोग रहेको र निज आफ्नो कानुन व्यवसायीसँग पूर्ण गोपनीयतामा परामर्श गर्न सक्ने कुरा सुनिश्चित गर्ने ।

ग) उपयुक्त हुँदासम्म आफूले रोजेको वा अदालतले तोकेको सक्षम कानुन व्यवसायी वा अन्य कानुनी सेवा प्रदायकमार्फत अदालती कारवाहीमा आफ्नो प्रतिनिधित्व गर्ने,

गराउने । भुक्तानीका लागि आवश्यक संसाधन नभएको अवस्थामा र/वा न्यायिक हितका लागि जरूरी ठानिएमा सो व्यक्तिलाई निशुल्क रूपमा यस्तो सहयोग उपलब्ध गराइनेछ ।

घ) कामकारवाहीका सबै मुख्य चरणहरूमा अभियुक्तको कानुन व्यवसायीको उपस्थिति सुनिश्चित गर्ने । फौजदारी कामकारवाहीका मुख्य चरण भन्नाले स्वच्छ सुनुवाई पाउने अभियुक्तको अधिकार प्रत्याभूत गर्नका लागि अधिवक्ताको सल्लाह आवश्यक पर्ने वा अधिवक्ताको अनुपस्थितिले प्रतिरक्षा तयारी वा प्रस्तुति गर्नमा बाधा पर्ने सबै चरणहरूलाई बुझिन्छ ।

ङ) कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिहरूलाई स्थापित एक व्यापक कानुनी प्रणालीको समर्थनका लागि अधिवक्ता र अभिवक्ताहरूको एक सूची तयार गर्नका लागि बार वा कानुन व्यवसायी संगठनहरू र अन्य साझेदार संस्थाहरूलाई अनुरोध गर्ने । यस्तो सहयोगअन्तर्गत तोकिएका दिनहरूमा अदालतमा उपस्थित हुने कार्य समेत पर्दछ ।

च) राष्ट्रिय कानुनसम्मत हुने गरी कानुनका विद्यार्थी र प्यारालिगलहरूलाई योग्य अधिवक्ताहरूको सुपरिवेक्षणमा रहने गरी अदालतमा अभियुक्तलाई उपयुक्त किसिमका सहयोगहरू उपलब्ध गराउन लगाउने ।

छ) प्रतिनिधित्व नपाएका आशंकित व्यक्ति र अभियुक्तहरूले आफ्ना अधिकार बुझेका छन् भन्ने कुरा सुनिश्चित गर्ने । यस अन्तर्गत अन्य कुराका अतिरिक्त न्यायाधीश र अभियोजकहरूले सरल र साधारण भाषामा तिनका अधिकारहरू बताउन लगाउने कार्य समेत पर्दछ ।

## निर्देशिका ६ : पुर्पक्षपछिको कानुनी सहायता

४६. आफ्नो स्वतन्त्रताबाट वञ्चित भई कैद काटिरहेका व्यक्ति र बालबालिकाहरूको पहुँच कानुनी सहायतासम्म पुगिरहेको छ भन्ने कुरा राज्यहरूले सुनिश्चित गर्नु पर्दछ । कानुनी सहायता उपलब्ध नहुने अवस्थामा त्यस्ता व्यक्तिहरू कानुनसम्मत रूपमै कैद वा थुनामा रहेका छन् भन्ने कुरा राज्यहरूले सुनिश्चित गर्ने छन् ।

४७. यस प्रयोजनका लागि राज्यहरूले देहायका कदमहरू चाल्ने छन् :

क) कुनै व्यक्ति हिरासतमा पर्दासाथ वा परिरहेको समयमा सबै व्यक्तिहरूलाई निजले कानुनबमोजिम पाउने अधिकार, हिरासतका नियमहरू, गोपनीय कानुनी सहायताको

हक, सल्लाह र सहयोग, तिनीहरूको मुद्दाको थप पुनरावलोकनको सम्भावना, अनुशासनात्मक कारवाहीको दौरानमा तिनका हक, उजुरी, पुनरावेदन, अग्रिम रिहाई, क्षमा वा दयायाचनाका प्रकृयाहरूको विषयमा सूचनाप्रवाह गर्ने । यस्तो सूचना अशिक्षित व्यक्तिहरू, अल्पसंख्यकहरू, अपांगता भएका व्यक्ति र बालबालिकाका आवश्यकताहरू समेटिने गरी दिनु पर्नेछ । यस्तो जानकारी ती व्यक्तिहरूले बुझ्ने भाषामा दिइनु पर्दछ । बालबालिकालाई दिइने यो सूचना उनीहरूको उमेर र परिपवक्वता सुहाउँदो हुनु पर्नेछ । यी सूचना सामग्रीलाई हिरासतमा महत्वका साथ राखिएका दृष्य सामग्रीहरूद्वारा पुष्टि गरिनु पर्दछ ।

ख) कैदीहरूलाई निशुल्क कानुनी सहायता र सल्लाह दिने प्रयोजनका लागि उपयुक्तानुसार कारागार भ्रमण गर्ने प्रयोजनका लागि अधिवक्ता वा अभिवक्ताहरूको सूची तयार गर्नका लागि बार वा कानुन व्यवसायी संगठनहरू र अन्य कानुनी सहायता प्रदायकहरूलाई प्रोत्साहन गर्ने ।

ग) आफूप्रति गरिएको व्यवहार र कैद वा हिरासतको अवस्थाका बारेमा अनुरोध वा पुनरावेदन पेस गर्नका लागि बन्दीहरूलाई कानुनी सहायताको पहुँच सुनिश्चित गर्ने । गम्भीर अनुशासनात्मक आरोप र क्षमादानको अनुरोध गर्नु पर्दा, विशेष गरी मृत्युदण्डको सजाय सुनाइएका कैदीहरू एवम् पेरोलका लागि आवेदन वा पेरोल सुनुवाईका लागि प्रतिनिधित्व गराउने सिलसिलामा यस्तो पहुँच प्रत्याभूत गर्ने ।

घ) सम्बद्ध राज्यहरूको सहमति भएमा विदेशी कैदीहरूलाई उपलब्ध भएसम्म आफ्नै नागरिकता रहेको मुलुकमा बाँकी सजाय भुक्तान गर्नका लागि अनुरोध गर्न सक्ने व्यवस्थाबारे जानकारी गराउने ।

## निर्देशिका ७ : पीडितहरूका लागि कानुनी सहायता

४८. अभियुक्तका अधिकारहरूको बर्खिलाप नहुने गरी एवम् सम्बध्द राष्ट्रिय विधायनसँग अनुकूल हुने गरी राज्यहरूले देहायका कुराहरू सुनिश्चित गर्नका लागि उपयुक्तानुसार कदम चाल्ने छन् ः

क) दोहोरो वा पटके पीडितीकरण[९] नहुने गरी फौजदारी न्याय प्रकृयाभरि नै अपराधका पीडितहरूलाई उचित सल्लाह, सहयोग, स्याहार, सुविधा र समर्थन उपलब्ध गराइनेछ ।

.................................

९ दोहोरो वा पटके पीडितीकरणलाई अपराध पीडितहरूलाई सहयोग पु-याउने विषयक युरोपेली परिषदका मन्त्रीहरूको समितिले दिएको सुझाव (२००६) ८ अनुसूचीको अनुच्छेद १.२ र १.३ मा परिभाषा गरिएबमोजिम बुझ्नु पर्नेछ ।

ख) **बालपीडित र अपराधका साक्षीहरू सम्मिलित विषयहरूमा न्यायदर्शिका**[१०] अनुसार बालबालिकाहरूले आवश्यकतानुसार कानुनी सहयोग प्राप्त गर्ने छन् ।

ग) फौजदारी न्याय प्रकृयामा उनीहरूको संलग्नताको कुनै पनि पक्षमा पीडितहरूले कानुनी परामर्श प्राप्त गर्ने छन् र यस अन्तर्गत सम्बद्ध राष्ट्रिय विधायनसँग अनुकूल हुने गरी छुट्टै कानुनी कामकारवाहीमा देवानी कारवाहीको उठान गर्ने वा क्षतिपूर्ति माग गर्ने सम्भावना समेत पर्दछन् ।

घ) पीडितहरूलाई निजहरूको सूचनाको हकका बारेमा प्रहरी र अन्य अग्रपंक्तिका व्यक्तिहरू (जस्तै : स्वास्थ्य, सामाजिक र बालकल्याण प्रदायकहरू) द्वारा तत्काल सूचित गरिनेछ । साथै उनीहरूको कानुनी सहायताप्रतिको अधिकार, सहयोग र संरक्षण तथा कसरी ती अधिकार प्राप्त गर्ने भन्ने विषयमा पनि तुरून्त यस्तो सूचना दिइनेछ ।

ङ) पीडितहरूका व्यक्तिगत स्वार्थहरू प्रभावित हुँदा वा न्यायिक हितका लागि आवश्यक पर्दा फौजदारी न्याय प्रकृयाका उपयुक्त चरणहरूमा निजहरूका विचार र चासोहरूलाई प्रस्तुत र विचार गरिनेछ ।

च) पीडित सेवा निकाय र गैरसरकारी संस्थाहरूले पीडितहरूलाई कानुनी सहायता प्रदान गर्न सक्दछन् ।

छ) कानुनी सेवा प्रदायक र अन्य पेशाकर्मी (जस्तै : स्वास्थ्य, सामाजिक र बालकल्याण प्रदायकहरू) बीच निकट सहकार्य र उपयुक्त सिफारिस प्रणाली सुनिश्चित गर्न उपयुक्त संयन्त्र र कार्यविधिहरू स्थापना गरिनु पर्दछ । यसबाट पीडितको फराकिलो बुझाई, निजको कानुनी, सामाजिक, मनोवैज्ञानिक, संवेगात्मक, शारीरिक र बौद्धिक आवश्यकता र स्थितिको बारेमा फराकिलो ढंगले बुझ्न सकिनेछ ।

## निर्देशिका ८ : साक्षीका लागि कानुनी सहायता

४९. राज्यहरूले देहायका कुराहरू सुनिश्चित गर्नका लागि उपयुक्तानुसार कदम चाल्ने छन् :

क) साक्षीहरूलाई उनीहरूको कानुनी सहायता प्रतिको अधिकार, सहयोग र संरक्षण तथा कसरी ती अधिकार प्राप्त गर्ने भन्ने विषयमा पनि तुरून्त सूचना दिइनेछ ।

ख) फौजदारी न्याय प्रकृयाभरि नै अपराधका साक्षीहरूलाई उचित सल्लाह, सहयोग, स्याहार, सुविधा र समर्थन उपलब्ध गराइनेछ ।

..................................

१० आर्थिक तथा सामाजिक परिषदपरिषद प्रस्ताव संख्या २००५/२०, अनुसूची

ग) **बालपीडित र अपराधका साक्षीहरू सम्मिलित विषयहरूमा न्यायदर्शिका** अनुसार बालबालिका साक्षीहरूले आवश्यकतानुसार कानुनी सहयोग प्राप्त गर्ने छन् ।

घ) फौजदारी न्याय प्रकृयाका सबै चरणहरूमा साक्षीहरूले दिएका सबै बयान वा बकपत्रहरूलाई सही तरिकाले व्याख्या र अनुवाद गरिनेछ ।

५०. राज्यहरूले उपयुक्तानुसार साक्षीहरूलाई कानुनी सहायता प्रदान गर्नु पर्नेछ ।

५१. साक्षीहरूलाई कानुनी सहायता उपलब्ध गराउन उपयुक्त हुने अवस्थाहरू अन्य कुराका अतिरिक्त देहायबमोजिम हुन्छन् :

क) साक्षी आफैले आफैलाई दोषारोपण गर्ने जोखिम भएमा

ख) साक्षीको अवस्था वा हैसियतका कारण निजको सुरक्षा र स्वास्थ्यमा जोखिम उत्पन्न हुने भएमा

ग) विशेष आवश्यकता भएको कारणले साक्षी विशेष रूपमा कमजोर भएकोमा ।

## निर्देशिका ९ : कानुनी सहायतामा पहुँचउपर महिलाको अधिकारको कार्यान्वयन

५२. कानुनी सहायतामा पहुँचउपर महिलाको अधिकार सुनिश्चित गर्नका लागि राज्यहरूले व्यावहारिक र उपयुक्त कदमहरू चाल्नु पर्नेछ जसअन्तर्गत देहायका कुराहरू पर्दछन् :

क) लैंगिक समानता र न्यायमा समान र स्वच्छ पहुँच सुनिश्चित गर्नका लागि कानुनी सहायतासम्बन्धी सबै नीतिहरू, कानुन, कार्यविधि, कार्यक्रम र अभ्यासहरूमा लैंगिक दृष्टिकोण अपनाउने सक्रिय नीति अवलम्बन गर्ने।

ख) यथासम्भव महिला प्रतिवादी, अभियुक्त पीडितहरूको प्रतिनिधित्व गर्नका लागि महिला कानुन व्यवसायीहरू नै नियुक्त गर्नका लागि सक्रियतापूर्वक लाग्ने ।

ग) हिंसाका महिला पीडितहरूलाई सबै कानुनी कामकारवाहीमा कानुनी सहायता, सल्लाह र अदालती सहयोग सेवाहरू उपलब्ध गराउने ताकि न्यायमा पहुँच सुनिश्चित गर्दै दोहोरो पीडितीकरणलाई निवारण गर्न सकियोस् । साथै अनरोध भईआएमा वा आवश्यकता परेमा कानुनी लिखतहरूको अनुवादजस्ता पूरक सेवाहरू पनि प्रदान गर्ने ।

## निर्देशिका १० : बालबालिकाका लागि विशेष उपाय

५३. न्यायप्रति बालबालिकाको पहुँच सुनिश्चित गर्न र फौजदारी न्याय प्रणालीमा संलग्न भएको कारणबाट सृजित कलंकीकरण तथा अन्य नकारात्मक असरहरूको निराकरणका लागि राज्यहरूले विशेष उपायहरू प्रत्याभूत गर्नु पर्नेछ। यस अन्तर्गत :

क) बालक वा निजका अभिभावक वा अन्य पक्षबीच स्वार्थको द्वन्द्व संलग्न भएकोमा बालकलाई निजकै नामबाट कामकारवाही उठान गर्ने गरी कानुन व्यवसायीबाट प्रतिनिधित्व गराउन पाउने निजको अधिकार सुनिश्चित गर्ने ।

ख) कुनै फौजदारी अभियोग लागेको वा शङ्का गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएका बालबालिकालाई तत्काल आफ्नो अभिभावक वा संरक्षकसँग सम्पर्क गराउने र बालकको सर्वोत्तम हितका लागि निजको कानुन व्यवसायी वा अन्य कानुनी सेवाप्रदायक, अभिभावक वा संरक्षक उपस्थित नभएसम्म बालकसँग सोधपुछ शुरू नगर्ने ।

ग) बालकको सर्वोत्तम हितमा नरहेको अवस्थामा बाहेक बालकको अधिकारसँग सम्बन्धित मामिलाहरू निजको अभिभावक वा कानुनी संरक्षकको उपस्थितिमा मात्र चर्चा गर्ने ।

घ) बालकले निजको अभिभावक र/वा संरक्षक तथा कानुनी प्रतिनिधिहरूसँग स्वतन्त्र एवं पूर्ण गोपनीयताका साथ परामर्श गर्न सक्ने स्थितिको सुनिश्चितता गर्ने ।

ङ) बालकको उमेर र परिपक्वता हेरी उपयुक्त ढंगबाट निजका कानुनी अधिकारहरू बारे सूचना दिने । यसो गरिरहँदा बालकले बुझ्न सक्ने भाषामा लैंगिक तथा संस्कृतिमैत्री तरिका अपनाउनु पर्ने । बालकसँग संवाद गर्ने क्रममा निजका अभिभावक, संरक्षक वा स्याहारकर्तालाई दिइने सूचनालाई परिपूरकको रूपमा लिनु पर्छ। विकल्पको रूपमा होइन ।

च) उपयुक्त रहेसम्म बालबालिकालाई औपचारिक फौजदारी न्याय प्रणालीबाट अन्यत्र मोड्दै यस्तो अवस्थामा प्रकृयाको सबै अवस्थाहरूमा निजहरूलाई कानुनी सहायताको अधिकार रहने कुरा प्रत्याभूत गर्ने ।

छ) स्वतन्त्रताबाट वञ्चित गर्ने विधिहरूको सट्टामा उपयुक्त रहेसम्म वैकल्पिक उपायहरूको अवलम्बन गर्ने र अन्तिम विकल्पको रूपमा स्वतन्त्रताबाट वञ्चित गर्नै पर्ने भए तापनि सो अवस्थामा कानुनी सहायता उपलब्ध गराउने र यो अवधिलाई सकेसम्म छोटो राख्ने ।

ज) न्यायिक र प्रशासनिक कारवाहीहरू बालकको यथोचित सुनुवाई हुने वातावरण र किसिमबाट सिधै वा एक प्रतिनिधि वा एक उपयुक्त निकायबाट राष्ट्रिय कानुनसम्मत विधि र कार्यविधिबमोजिम गर्ने । बालकको उमेर र परिपक्वता हेरी न्यायिक र प्रशासनिक कारवाहीहरूमा परिमार्जन पनि गरिनु पर्ने हुन सक्छ ।

५४. न्यायिक वा गैरन्यायिक कारवाहीमा सहभागी भएको बालकको गोपनीयता र व्यक्तिगत तथ्याङ्क र अन्य क्रियाकलापहरूलाई सबै चरणहरूमा गोप्य राखिनु पर्दछ र यस्तो सुरक्षालाई कानुनमै प्रत्याभूत गरिनु पर्दछ । यसले सामान्यतः जनाउँछ कि खास गरी संचार माध्यममा यस्तो कुनै सूचना वा व्यक्तिगत तथ्यांक प्रकाशन गर्न वा उपलब्ध गराउनु हुँदैन जसले बालकको पहिचानलाई प्रत्यक्ष वा परोक्ष रूपमा उद्घाटन गर्दछ । यसअन्तर्गत बालकका छविचित्र, बालक वा निजको परिवारका विस्तृत विवरणहरू, बालकको परिवार सदस्यका नाम र ठेगाना तथा श्रव्य एवं दृष्य अभिलेखहरू पर्दछन् ।

## निर्देशिका ११ : राष्ट्रव्यापी कानुनी सहायता प्रणाली

५५. राष्ट्रव्यापी कानुनी सहायता प्रणालीको सञ्चालनलाई उत्प्रेरित गर्नका लागि राज्यहरूले उपयुक्त रहँदासम्म देहायका उपायहरू अपनाउने छन् :

क) फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएका बालबालिकालाई वा अपराध पीडितहरूलाई फौजदारी न्याय प्रकृयाका सबै चरणहरूमा प्रभावकारी कानुनी सहायता सुनिश्चित र प्रवर्धन गर्ने ।

ख) गैरकानुनी रूपमा थुनामा परेका वा पक्राउ गरिएका व्यक्तिहरू वा न्यायको अपचलनको परिणामस्वरूप अदालतको अन्तिम फैसला व्यहोरेका व्यक्तिहरूलाई कानुनी सहायता प्रदान गर्ने ताकि निजहरूको पुनर्सुनुवाई, क्षतिपूर्ति, शोधभर्ना, पुनर्स्थापना र यस्तो कुरा नदोहोरिने कुराको प्रत्याभूति गर्न सकियोस् ।

ग) न्यायिक निकायहरू र अन्य पेशाकर्मीहरू (जस्तै : स्वास्थ्य, सामाजिक सेवा र पीडित सहयोग कार्यकर्ताहरू) बीच समन्वयको प्रवर्धन गर्ने ताकि अभियुक्तका अधिकारहरूको प्रतिकूल नहुने गरी कानुनी सहायता प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्न सकियोस् ।

घ) फौजदारी न्याय प्रकृयाका सबै चरणहरूमा कानुनी सहायताको उपलब्धता सुनिश्चित गर्न बार वा कानुन व्यवसायी संगठनहरूसँग साझेदारी कायम गर्ने ।

ङ) विशेष गरी प्रहरी थाना वा अन्य थुनुवा केन्द्रहरूमा कुनै फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएको व्यक्तिहरूलाई राष्ट्रिय

कानुनले अख्तियारी दिएको कानुनी सहायताका फारामहरू उपलब्ध गराउनका लागि पारालिगलहरू परिचालन गर्ने ।

च) अपराध निवारणका लागि उपयुक्त कानुनी सहायताको प्रावधानलाई प्रवर्धन गर्ने ।

५६. राज्यहरूले देहायका विषयहरूमा समेत आवश्यक कदम चाल्ने छन् ः

क) आफ्नो व्यावसायिक दायित्व र आदर्श कर्तव्यको निर्वहनका लागि निशुल्क सेवाहरू समेत प्रदान गरी कानुनी सहायताको व्यवस्थालाई सहयोग पु-याउनका लागि बार र कानुन व्यवसायी संगठनहरूलाई अभिप्रेरित गर्ने ।

ख) कर छुट, छात्रवृत्ति, भ्रमण र जीविकोपार्जन भत्ताको माध्यमबाट आर्थिक र सामाजिक रूपमा पिछडिएका क्षेत्रहरूमा काम गर्ने कानुन व्यवसायीहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

ग) आवश्यक वर्गलाई कानुनी सहायता पु-याउने हेतु कानुन व्यवसायीहरूको नियमित संजाल खडा गर्नका लागि उनीहरूलाई अभिप्रेरित गर्ने ।

५७. राष्ट्रव्यापी कानुनी सहायता योजनाहरूको निर्माण गर्दा राज्यहरूले अन्य खास वर्गका अतिरिक्त वृध्दवृध्दा, अल्पसंख्यक, अपांगता भएका, मानसिक बिरामी, एच्.आई.भी र अन्य गम्भीर संक्रामक रोगहरू लागेका व्यक्तिहरू, दुर्व्यसनी, आदिवासी र जनजाति, राज्यविहीन व्यक्तिहरू, शरण लिन खोज्नेहरू, विदेशी नागरिक, आप्रवासी र आप्रवासी कामदार, शरणार्थी र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका आवश्यकताहरूलाई निर्देशिका ९ र १० बमोजिम ध्यानमा राख्नु पर्नेछ ।

५८. बालबालिकाका विकासोन्मुख क्षमता र बालकको सर्वोत्तम हित र न्यायिक प्रकृयाहरूमा बालबालिकाको सुनुवाई हुन पाउने अधिकारबीच उपयुक्त सन्तुलन राख्नका लागि राज्यहरूले बालमैत्री र बालसंवेदी कानुनी सहायता प्रणालीहरू[११] स्थापना गर्नु पर्नेछ र यसका लागि ः

क) संभव भएसम्म बालबालिकालाई विशिष्टीकृत कानुनी सहायता उपलब्ध गराउनका लागि र सामान्य तथा गैरविशिष्टीकृत संयन्त्रहरूमा बालमैत्री कानुनी सहायतालाई समायोजन गर्नका लागि प्रतिबद्ध संयन्त्रहरूको गठन गर्ने ।

...................................

११ बालमैत्री कानुनी सहायता भन्नाले फौज्दारी, देवानी र प्रशासकीय कामकारवाहीहरूमा बालबालिकालाई पहुँचयोग्य, उमेर सुहाउँदो, बहुविधागत र प्रभावकारी कानुनी सहायताको प्रावधानलाई जनाउँदछ । यो बालबालिका तथा युवाहरूले भोग्नु परिरहेको कानुनी तथा सामाजिक आवश्यकताहरूप्रति संवेदी हुन्छ । बालमैत्री कानुनी सहायता बालबालिका कानुन, बालक र किशोरावस्थाको विकासमा तालिमप्राप्त अधिवक्ता तथा गैरअधिवक्ताहरूले दिने गर्दछन् जो आफैंमा बालबालिका र तिनका स्याहारकर्ताहरूसँग प्रभावकारी रूपमा संचार गर्न सक्षम हुन्छन् ।

ख) बालकका अधिकार र खास प्रकारका वैकासिक आवश्यकताहरूलाई ध्यानमा राख्नका लागि कानुनी सहायता विधायन, नीति र नियमहरू अंङ्गीकार गर्ने । यस अन्तर्गत निजको प्रतिरक्षा तयारी र प्रस्तुतिका लागि कानुनी वा अन्य आवश्यक सहयोग प्राप्त गर्न सक्ने अधिकार, निजलाई प्रभावित गर्ने सबै न्यायिक कामकारवाहीहरूमा सुनुवाईको अधिकार, सर्वोत्तम हितको निदान गर्ने मानक प्रकृयाहरू, व्यक्तिगत तथ्याङ्कको गोपनीयता र संरक्षण र डाइभर्सनका लागि आवेदन गर्न पाउने अधिकार पर्दछन् ।

ग) बालमैत्री कानुनी सहायता मापदण्ड र पेशागत आचारसंहिता तयार गर्ने । बालबालिकाको क्षेत्रमा काम गर्ने कानुनी सहायता प्रदायकहरूले आवश्यकतानुसार बालबालिकासँग काम गर्न सक्ने उनीहरूको उपयुक्तताको विषयमा निरन्तर परीक्षण भइरहनु पर्दछ ।

घ) मानक कानुनी सहायता प्रशिक्षणहरूको प्रवर्धन गर्ने । बालबालिकाको प्रतिनिधित्व गर्ने कानुनी सहायता प्रदायकहरूलाई बालअधिकार र सम्बद्ध मुद्दाहरूमा प्रशिक्षण दिई जानकार बनाउनु पर्नेछ । साथै निजहरूलाई बालबालिकासँग उनीहरूकै स्तरमा संचार गर्न सक्ने गरी निरन्तर र सघन तालिम दिई सशक्तीकरण गर्नु पर्दछ । बालबालिकाको क्षेत्रमा काम गर्ने सबै कानुनी सहायता प्रदायकहरूले विभिन्न उमेर समूहका बालबालिकाका अधिकार र आवश्यकताहरूबारे आधारभूत बहुविधागत प्रशिक्षण लिनु पर्नेछ । साथै उनीहरूकै लागि अनुकूलन गरिएका कामकारवाहीहरू, बालविकासका मनोवैज्ञानिक र अन्य पक्षहरूमा विशेष गरी बालिकाहरू र अल्पसंख्यक वा आदिवासी समूहका सदस्यहरूलाई खास ध्यान दिँदै कानुनसँग द्वन्द्वरत बालबालिकाको प्रतिरक्षालाई अघि बढाउनका लागि उपलब्ध उपायहरूका बारेमा उनीहरूलाई अनुशिक्षण दिइनु पर्दछ ।

ङ) कानुनी सहायता प्रदायकहरू र विभिन्न पेशाकर्मीहरूबीच निकट सहयोग र उपयुक्त सिफारिस प्रणालीको सुनिश्चितताका लागि संयन्त्र र कार्यविधिहरूको व्यवस्था गर्ने ताकि बालकको सर्वांगीण पक्षको बारेमा समझदारी कायम हुन सकोस् । यसका अतिरिक्त यसबाट निजको कानुनी, सामाजिक, मनोवैज्ञानिक, संवेगात्मक, शारीरिक र बौद्धिक आवश्यकता र स्थितिको बारेमा फराकिलो ढंगले बुझ्न सकिनेछ ।

५९. राष्ट्रव्यापी कानुनी सहायता योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रहरूले कानुनी सहायता सेवाहरूको उपलब्धता, प्रशासन, समन्वय र अनुगमनका लागि एक कानुनी सहायता निकायको गठनको बारेमा सोच्नु पर्दछ जसमा/जुन ः

क)	अवाञ्छित राजनीतिक र न्यायिक हस्तक्षेपबाट मुक्त भई कानुनी सहायतासम्बन्धी निर्णय लिने सवालमा सरकारबाट स्वतन्त्र हुनु पर्दछ। साथै यसको प्रशासनिक संरचना जस्तोसुकै भए तापनि आफ्नो कार्यसम्पादनका क्रममा कुनै व्यक्ति वा निकायको निर्देशन, नियन्त्रण वा वित्तीय अधीनस्थताबाट बाहिर रहनु पर्दछ।

ख)	यस निकायमा कानुनी सहायता प्रदान गर्नका लागि आवश्यक अधिकारहरू हुनु पर्दछ। अन्य कुराका अतिरिक्त यसमा कर्मचारीको नियुक्ति, व्यक्तिहरूलाई कानुनी सहायताको वितरण, कानुनी सहायता प्रदायकहरूको मापदण्ड र योग्यता निर्धारण, तालिम आवश्यकता, कानुनी सहायता प्रदायकको कामको मूल्याङ्कन र निज विरूद्धको उजुरी सुन्नका लागि स्वतन्त्र निकायहरूको स्थापना, राष्ट्रव्यापी रूपमा कानुनी सहायता आवश्यकताहरूको आँकलन र आफैंले आफ्नो बजेट निर्माण गर्न पाउने अधिकार पर्दछन्।

ग)	न्यायिक क्षेत्रका मुख्य सरोकारवालाहरू र नागरिक समाजका संगठनहरूसँग मिलेर कानुनी सहायताको विकास र दिगोपनाका लागि एक दीर्घावधि रणनीति तर्जुमा गर्ने।

घ)	जिम्मेवार निकायसमक्ष आवधिक रूपमा प्रतिवेदन पेश गर्ने।

## निर्देशिका १२ : राष्ट्रव्यापी कानुनी सहायता प्रणालीको वित्तपोषण

६०. कानुनी सहायता सेवाहरूका लाभहरूमा वित्तीय फाइदा र पूरै फौजदारी न्याय प्रकृयाभरि नै खर्चमा बचत हुने कुरालाई मध्यनजर राख्दै राज्यहरूले उपयुक्तताको हदसम्म व्यक्तिका आवश्यकताहरूसँग तादात्म्य रहने गरी कानुनी सहायता सेवाहरूका लागि पर्याप्त र विशिष्ट बजेटको व्यवस्था गर्नु पर्नेछ र यस अन्तर्गत राष्ट्रव्यापी कानुनी सहायता प्रणालीका निम्ति प्रतिबध्द र दीगो वित्तपोषण संयन्त्रहरूको प्रबन्ध गर्नु पर्नेछ।

६१. यस प्रयोजनका लागि राज्यहरूले देहायका उपायहरू अपनाउन सक्ने छन् :

क)	कानुनी सहायता योजनाहरूको वित्तपोषणका लागि एक कानुनी सहायता कोषको व्यवस्था गर्ने जसमा सरकारी प्रतिरक्षक योजना, बार वा कानुन व्यवसायी संगठनहरूले दिने कानुनी सहायतालाई सहयोग गर्ने, विश्वविद्यालयका कानुनी क्लिनिकहरूलाई भरथेग गर्ने, विशेष गरी ग्रामीण तथा आर्थिक-सामाजिक रूपमा पिछडिएका क्षेत्रहरूसहित मुलुकभर कानुनी सहायता सेवाहरूको विस्तारका लागि गैरसरकारी र पारालिगलसहित अन्य संस्थाहरूलाई प्रायोजन गर्ने।

ख) कानुनी सहायतामा वित्तपोषणका लागि कोषहरू पु-याउनका लागि वित्तीय संयन्त्रहरूको पहिचान गर्ने ।

यस अन्तर्गत :

अ) राज्यको फौजदारी न्याय बजेटको एक निश्चित प्रतिशत प्रभावकारी कानुनी सहायता प्रावधानको आवश्यकतासँग मिल्ने गरी कानुनी सहायता सेवाहरूका लागि विनियोजन गर्ने ।

आ) आपराधिक कार्यबापत गरिएका जफत वा जरिवानाबाट संकलित रकमहरू पीडितका लागि कानुनी सहायता उपलब्ध गराउने कार्यका लागि खर्च गर्ने ।

ग) कर छुट, विद्यार्थी शैक्षिक कर्जा भुक्तानी कटौती र अन्य छुटहरूको माध्यमबाट आर्थिक र सामाजिक रूपमा पिछडिएका क्षेत्रहरूमा काम गर्ने कानुन व्यवसायीहरूलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

घ) अभियोजन र कानुनी सहायता निकायहरूबीच कोषहरूको स्वच्छ र समानुपातिक वितरण सुनिश्चित गर्ने ।

६२. कानुनी सहायताको बजेटले फौजदारी अभियोग लागेको वा शंका गरिएको, थुनामा राखिएको वा गिरफ्तार गरिएका बालबालिकालाई वा अपराध पीडितहरूलाई उपलब्ध गराउने सेवाहरूको एक पूर्ण श्रृङ्खलालाई समेट्नु पर्दछ । प्रतिरक्षा खर्चका लागि पर्याप्त विशेष कोषहरू छुट्याइनु पर्दछ जसभित्र सम्बध्द फाइलहरू, कागजातहरू र प्रमाणको संकलन, विज्ञ साक्षीहरू, विधिवैज्ञानिक सम्बन्धी खर्चहरू र सामाजिक कार्यकर्ता र भ्रमण खर्चहरू पर्दछन् । भुक्तानीहरू समयमै गरिनु पर्दछ ।

## निर्देशिका १३ : मानवीय संसाधन

६३. उपयुक्त रहँदासम्म राज्यहरूले आवश्यकतासँग मेल खाने गरी राष्ट्रव्यापी कानुनी सहायता प्रणालीका लागि कर्मचारी व्यवस्थाका लागि पर्याप्त र विशिष्ट व्यवस्थाहरू लागू गर्ने ।

६४. राष्ट्रिय कानुनी सहायता प्रणालीका लागि काम गर्ने पेशाकर्मीहरू आफूले प्रदान गर्ने सेवाहरूको हकमा पर्याप्त योग्यता र प्रशिक्षण पाएको कुरा राज्यहरूले सुनिश्चित गर्नु पर्नेछ ।

६५. योग्य कानुन व्यवसायीहरूको कमी भएको खण्डमा कानुनी सहायता सेवाहरूका लागि गैरअधिवक्ता वा पारालिगललाई समेत समावेश गर्न सकिनेछ । सोही समयमा राज्यहरूले कानुन व्यवसायको विकास र कानुनी शिक्षामा रहेका वित्तीय अवरोधहरू हटाउनका लागि राज्यहरूले प्रयास गर्नु पर्नेछ ।

६६. कानुन व्यवसायप्रति फराकिलो पहुँचलाई राज्यहरूले प्रोत्साहन गर्नु पर्नेछ जसभित्र महिला, अल्पसंख्यक र आर्थिक रूपमा पिछडिएका समूहहरूको पहुँच सुनिश्चित गर्नका लागि अपनाइने सकारात्मक विभेदका उपायहरू समेत पर्दछन् ।

## निर्देशिका १४ : पारालिगल

६७. राज्यहरूले उपयुक्तानुसार र आफ्ना राष्ट्रिय कानुनहरूबमोजिम कानुन व्यवसायीहरू प्रतिको पहुँच सीमित रहेको अवस्थामा कानुनी सहायता सेवाहरू प्रदान गर्ने दिशामा पारालिगल वा त्यस्तै सेवा प्रदान गर्नेहरूले खेलेको भूमिकालाई मान्यता दिनु पर्नेछ।

६८. यस प्रयोजनका लागि राज्यहरूले नागरिक समाज, न्यायिक निकायहरू र पेशागत संगठनहरूसँगको परामर्शमा देहायका उपायहरू अवलम्बन गर्नु पर्नेछ :

क) उपयुक्त परीक्षण र मापनसहित उपयुक्तानुसार स्तरीकृत प्रशिक्षण पाठ्यक्रम र मूल्याङ्कन प्रणालीसहित पारालिगल सेवाहरूको एक राष्ट्रव्यापी योजना विकास गर्ने ।

ख) पारालिगल सेवाहरूको गुणस्तर तोकिएबमोजिम रहेको सुनिश्चित गर्दै पारालिगलहरूले पर्याप्त तालिम र योग्य अधिवक्ताहरूको सुपरिवेक्षणमा कामकाज गरिरहेको कुरा प्रत्याभूत गर्ने ।

ग) पारालिगल सेवाहरूको गुणस्तर प्रत्याभूत गर्नका लागि अनुगमन तथा मूल्यांकन संयन्त्रहरू तयार रहेको कुरा सुनिश्चित गर्ने ।

घ) नागरिक समाज र न्यायिक निकायहरूसँगको परामर्शमा फौजदारी न्यायप्रणालीमा कार्यरत सबै पारालिगलहरूहरूलाई बाध्यकारी रूपमा लागू हुने गरी एक आचारसंहिताको विकास गर्ने ।

ङ) पारालिगलहरूले प्रदान गर्न सक्ने कानुनी सेवाका प्रकारहरू उल्लेख गर्ने र अधिवक्ताहरूले मात्र विशिष्ट रूपमा प्रदान गर्नु पर्ने सेवाका प्रकारहरू समेत तोक्ने । यस्तो निर्धारण अदालत वा बार एसोसियनको क्षमताभित्र रहेर गरिनु पर्दछ।

च) प्रहरी थाना र कारागार, थुनुवा कक्ष वा बन्दीघर वा पूर्वअनुसन्धान गृहहरूमा कानुनी सहायता दिनका लागि तोकिएका मान्यताप्राप्त पारालिगलहरूको पहुँच सुनिश्चित गर्ने ।

छ) राष्ट्रिय ऐन नियमहरूको अधीनमा रही अदालतद्वारा मान्यताप्राप्त एवम् रीतपूर्वक प्रशिक्षित पारालिगलहरूलाई अधिवक्ताहरू उपलब्ध नहुँदाको अवस्थामा अदालती कामकारवाही र अभियुक्तलाई परामर्श दिनको लागि अनुमति दिने ।

## निर्देशिका १५ : कानुनी सहायता प्रदायकहरूको नियमन र अनुगमन

६९. सिद्धान्त १२ सँग मेल खाने गरी र पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्ने खालका विद्यमान राष्ट्रिय विधायनहरूको अधीनमा रही राज्यहरूले पेशागत संस्थाहरूसँगको सहकार्यमा देहायका कार्यहरू गर्नु पर्नेछ :

क) कानुनी सहायता प्रदायकको मान्यतानिर्धारणका लागि मापदण्डहरू विकास गर्ने ।

ख) उल्लङ्घनका लागि उपयुक्त दण्ड वा कारबाहीसहित व्यावहारिक पेशागत आचारसंहिताको अधीनमा कानुनी सहायता प्रदायकहरू रहने कुरा सुनिश्चित गर्ने ।

ग) अधिकार पाएको अवस्थामा बाहेक कानुनी सहायता प्रदायकहरूले कानुनी सहायता दिएबापत लाभार्थीहरूबाट कुनै भुक्तानीको अनुरोध गर्न नपाउने गरी नियमहरू तर्जुमा गर्ने ।

घ) कानुनी सहायता प्रदायकहरूउपरका अनुशासनात्मक उजुरीहरूलाई निष्पक्ष निकायबाट समीक्षा गरिने कुरा सुनिश्चित गर्ने ।

ङ) विशेष गरी भ्रष्टाचार नियन्त्रण गर्ने अभिप्रायले कानुनी सहायता प्रदायकहरूका लागि उपयुक्त अनुगमन संयन्त्रहरूको स्थापना गर्ने ।

## निर्देशिका १६ : गैरराज्य कानुनी सहायता प्रदायकहरू र विश्वविद्यालयहरूसँगका साभेदारीहरू

७०. राज्यहरूले उपयुक्त रहँदासम्म गैरसरकारी संस्था र अन्य सेवादाताहरूसहित गैर राज्य कानुनी सहायता प्रदायकहरूसँग साझेदारी निर्माण गर्नु पर्नेछ ।

७१. यस उद्देश्यका लागि यस प्रयोजनका लागि राज्यहरूले नागरिक समाज, न्यायिक निकायहरू र पेशागत संगठनहरूसँगको परामर्शमा देहायका उपायहरू अवलम्बन गर्नु पर्नेछ :

क) जनसंख्याको आवश्यकता पूरा गर्नका लागि गैर राज्य कानुनी सहायता प्रदायकहरूले खेलेको भूमिकालाई आ-आफ्ना कानुन प्रणालीहरूमा अङ्गीकार गर्ने ।

ख) कानुनी सहायता सेवाहरूको लागि गुणस्तर कायम गर्ने र गैर राज्य कानुनी सहायता प्रदायकहरूका लागि स्तरीकृत प्रशिक्षण पाठ्यक्रमको विकास गर्ने ।

ग) विशेष गरी निशुल्क रूपमा प्रदान गरिने कानुनी सहायता सेवाहरूको गुणस्तर कायम गर्नका लागि अनुगमन र मूल्याङ्कन संयन्त्रहरू गठन गर्ने ।

घ) मुलुकका सबै भागमा र सबै समुदायहरूसम्म कानुनी सहयोगको पहुँच, गुणस्तर, प्रभाव र सहज पहुँच विस्तार गर्नका लागि सबै कानुनी सहायता सेवा प्रदायकहरूसँग सहकार्य गर्ने । यसो गर्दा विशेष गरी ग्रामीण तथा आर्थिक-सामाजिक रूपमा पिछडिएका क्षेत्रहरूसहित अल्पसंख्यकहरूलाई प्राथमिकतामा राख्नु पर्नेछ ।

ङ) एक समग्र उपागमको माध्यमबाट कानुनी सहायता सेवा प्रदायकहरूको विविधीकरण गर्ने । यसका लागि अधिवक्ता र पारालिगलहरूको सहभागितामा कानुनी सहायता सेवाहरू प्रदान गर्नका लागि केन्द्रहरूको स्थापनालाई प्रोत्साहन गर्ने । यसका लागि कानुन समाज, बार एसोसियन, विश्वविद्यालय कानुन क्लिनिक, गैरसरकारी तथा अन्य संस्थााहरूसँग सम्झौता गरी कानुनी सहायता सेवाहरू उपलब्ध गराउने ।

७२. राज्यहरूले उपयुक्त रहँदासम्म देहायका उपायहरू अवलम्बन गर्नु पर्नेछ :

क) विश्वविद्यालयभित्र कानुन विभागहरूमा कानुनी सहायता क्लिनिकहरूको स्थापनालाई प्रोत्साहन र सहयोग गर्ने ताकि शिक्षण सदस्यहरू र विद्यार्थी समूहमाझ क्लिनिकल तथा जनहित याचिका कानुन कार्यक्रमहरू विश्वविद्यालयकै मान्यताप्राप्त पाठ्यक्रममा समावेश गर्न सकियोस् ।

ख) उचित सुपरिवेक्षण र राष्ट्रिय कानुन वा अभ्यासको अधीनमा रही कानुनका विद्यार्थीहरूलाई कानुनी सहायता क्लिनिक वा अन्य कानुनी सहायता समुदाय योजनामा आफ्नो प्राज्ञिक पाठ्यक्रम वा पेशागत विकासको एक अंशका रूपमा भाग लिनका लागि प्रोत्साहन र सहुलियतहरूको व्यवस्था गर्ने ।

ग) पहिले व्यवस्था नरहेको खण्डमा विद्यार्थी अभ्यास नियमहरूको विकास गर्ने ताकि विद्यार्थीहरूले योग्य अधिवक्ता वा शिक्षण कर्मचारीको सुपरिवेक्षणमा अदालतमा गई प्रायोगिक अभ्यास गर्न सकून् । तर यस्ता नियमहरूको विकास सक्षम अदालत वा अदालतसमक्ष कानुनी अभ्यासलाई नियमन गर्ने निकायहरूको परामर्श र स्वीकृतिमा तयार गरिएको हुनु पर्नेछ ।

घ) कानुनका विद्यार्थीहरूलाई कानुनी इन्टर्नशिप गर्न र योग्य अधिवक्ताको सुपरिवेक्षणमा अदालतमा गई प्रायोगिक अभ्यास गर्न सकून् भन्ने अभिप्रायले तिनीहरूका लागि नियमहरूको तर्जुमा गर्ने ।

## निर्देशिका १७ : अनुसन्धान र तथ्याङ्क

७३. कानुनी सहायताको अनुगमन र मूल्यांकन गर्नका लागि संयन्त्रहरूको गठन गर्ने कुरा राज्यहरूले सुनिश्चित गर्दै त्यसको अनवरत सुधारका लागि निरन्तर प्रयासरत रहनु पर्ने ।

७४. यस प्रयोजनका लागि, राज्यहरूले देहायका उपायहरू अपनाउने छन् :

क) कानुनी सहायता प्रापकहरूको लैंगिकता, उमेर, आर्थिक सामाजिक हैसियत र भौगोलिक वितरणलाई समेट्ने गरी नियमित रूपमा अनुसन्धान र तथ्यांक संकलन गर्ने, सो अनुसन्धानका नतिजाहरू प्रकाशन गर्ने ।

ख) कानुनी सहायता दिने क्रममा असल अभ्यासहरू बाँडचुँड गर्ने ।

ग) अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू बमोजिम कानुनी सहायताको प्रभावकारी र असरदायक उपलब्धताको अनुगमन गर्ने ।

घ) कानुनी सहायता प्रदायकहरूलाई अन्तरसांस्कृतिक, सांस्कृतिक रूपमा उपयुक्त, लैंगिक-संवेदी र उमेर सुहाउँदो प्रशिक्षण उपलब्ध गराउने ।

ङ) स्थानीय समस्याहरूको पहिचान गर्न र कानुनी सहायतामा सुधारका उपायहरूमा सहमति जुटाउन सबै न्यायिक निकायहरूबीच (विशेष गरी स्थानीय तहमा) सञ्चार, समन्वय र सहकार्यको विकास गर्ने ।

## निर्देशिका १८ : प्राविधिक सहयोग

७५. अनुरोधकर्ता राज्यहरूले पहिचान गरेका आवश्यकता र प्राथमिकतामा आधारित प्राविधिक सहयोग संयुक्त राष्ट्रसंघ जस्ता अन्तरसरकारी निकाय, द्विपक्षीय दाता र सक्षम गैरसरकारी संस्थाहरूका अतिरिक्त द्विपक्षीय र बहुपक्षीय सहकार्यको ढाँचामा राज्यहरूले नै पनि उपलब्ध गराउन सक्छन् । यसको उद्देश्य राष्ट्रिय क्षमताहरू र उपयुक्तानुसार कानुनी सहायता प्रणाली र फौजदारी न्याय सुधारको विकास र कार्यान्वयनका लागि संस्थाहरूको निर्माण र स्तरोन्नति गर्नु रहेको छ ।